# सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेड

को

पाँचौ वार्षिक साधारण सभाको

निर्णय विवरण (माईन्युट)

सानिमा जिआईसी इन्स्योरेन्स लि.
केन्द्रीय कार्यालय
काठमाडौं

| | | |
|---|---|---|
| मिति | : | **२०८० साल जेष्ठ ३२ गते बिहिवार ।** |
| समय | : | बिहान ११:०० बजे |
| स्थान | : | अमृतभोग, कालिकास्थान, काठमाण्डौ । |

**१. बैधानिक सभा :**

मिति २०८० साल जेष्ठ २ गते बसेको सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेडको संचालक समितिको १२१ औं बैठकको निर्णय अनुसार बोलाईएको कम्पनीको पाँचौ वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहाय बमोजिम सु-सम्पन्न भयो ।

**२. सभाको मिति, स्थान र समय :**

२.१ मिति : २०८० साल जेष्ठ ३२ गते बिहिबार (तद्नुसार १५ जुन, २०२३)

२.२ स्थान : अमृतभोग, कालिकास्थान, काठमाण्डौ ।

२.३ समय : बिहान ११:०० बजे देखि ।

**३. सभाको सूचना :**

३.१ यस कम्पनीको मिति २०८० साल जेष्ठ २ गते बसेको सञ्चालक समितिको १२१ औं बैठकबाट मिति २०८० साल जेष्ठ ३२ गते पाँचौ वार्षिक साधारण सभा बोलाउने निर्णय गरे अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम मिति २०८० साल जेष्ठ ३ गतेको कारोवार राष्ट्रिय दैनिक पत्रिकामा २१ दिने सूचना प्रकाशित गरी मिति २०८० साल जेष्ठ १८ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा पूनः स्मरणार्थ दोश्रो सूचना प्रकाशित गरिएको थियो ।

३.२ उल्लेखित साधारण सभाको सूचनाको साथमा आ.व.२०७८/०७९ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण सहितको वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुले कम्पनीको प्रधान कार्यालयबाट प्राप्त गर्न सकिने छ भन्ने सूचना प्रकाशित गरिएको थियो ।

३.३ कम्पनीले आफ्ना शेयरधनी महानुभावहरुलाई जानकारी तथा अध्ययनका लागी उपरोक्त बमोजिमको वार्षिक प्रतिवेदन कम्पनीको Website www.sanimageneral.com मा Upload गरिएको थियो ।

**४. आसन ग्रहण :**

४.१ सभामा भाग लिन उपस्थित कम्पनीका अध्यक्ष श्री कुनाल कयाल, सञ्चालकहरु क्रमशः डा. हेमन्त कुमार दवाडी, श्री प्रकाश मान श्रेष्ठ, श्री कृष्ण बोहरा र श्री मिता मुरारका



सानिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं

अग्रवाल तथा सल्लाहकारहरु क्रमश: श्री खेमराज लामिछाने र श्री सरस्वती गौतम ज्ञवालीले आसन ग्रहण गर्नुभयो ।

४.२ सञ्चालक श्री सोनाम ग्याछो स्वास्थ्यको कारण उपस्थित हुन नसक्नु भएको सभामा जानकारी गराइयो ।

४.३ कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री सुद्युम्न प्रसाद उपाध्यायले पनि आसन ग्रहण गर्नुभयो ।

४.४ सभामा सहभागी हुनु पाल्नु भएका कम्पनीका पूर्व अध्यक्ष, संस्थापक शेयरधनीहरु तथा सर्वसाधारण शेयरधनी महानुभावहरुलाई यथास्थानमा आसन ग्रहण गर्नका लागि अनुरोध गरिएको थियो ।

**५. सभाको सभापतित्व :**

कम्पनी ऐन २०६३ को दफा ७४(१) तथा कम्पनीको नियमावलीको नियम ६(१) बमोजिम कम्पनीका अध्यक्ष श्री कुनाल कयालज्यूले साधारण सभाको सभापतित्व गर्नुभई सभाको कार्यक्रम अगाडी बढाउन सभा सञ्चालक एवं कम्पनी सचिव श्री सुबोध लाल श्रेष्ठलाई अनुमति प्रदान गर्नु भयो ।

**६. गणपुरक संख्या :**

कम्पनी ऐन २०६३ को दफा ७३(२) तथा यस कम्पनीको नियमावलीको नियम ५(१) बमोजिम साधारण सभा सञ्चालनका लागि कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको उपस्थिति हुनुपर्नेमा आजको यस सभामा कुल शेयर संख्याको ६६.८२ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी ३२० जना स्वंय तथा २७० जना प्रोक्सी मार्फत उपस्थिति रहेको हुनाले सभामा गणपुरक संख्या पुगेको र सभाले वैधानिकता प्राप्त गरेको व्यहोरा सभामा जानकारी गराइयो ।

**७. उपस्थिति :**

**(क) सञ्चालकहरुको उपस्थिति :**

| | |
|---|---|
| १. श्री कुनाल कयाल | अध्यक्ष |
| २. डा. हेमन्त कुमार दवाडी | सञ्चालक (प्रतिनिधि सानिमा प्रा. लि.) |
| ३. श्री प्रकाश मान श्रेष्ठ | सञ्चालक |
| ४. श्री कृष्ण बोहरा | सञ्चालक |
| ५. श्री मिता मुरारका अग्रवाल | सञ्चालक |



सानिमा जिआइसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं

| | |
|---|---|
| ६. श्री खेमराज लामिछाने<br>७. श्री सरस्वती गौतम ज्ञवाली | सल्लाहकार<br>सल्लाहकार |

**(ख) शेयरधनीहरुको उपस्थिति :**

| | |
|---|---|
| स्वयं उपस्थिति | ३२० |
| प्रतिनिधि मार्फत उपस्थिति | २७० |
| जम्मा उपस्थिति | ५९० |

**(ग) शेयरधनी उपस्थिति संख्या :**

| कुल चूक्ता शेयर संख्या | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत उपस्थिति | जम्मा | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|
| २,००,००,००० | ७०,८३,८२० | ६२,८१,३३५ | १,३३,६५,१५५ | ६६.८३ |

८. **सभामा छलफल गरिने प्रस्तावहरुको सूची प्रस्तुत :**

सभा सञ्चालक एवं कम्पनी सचिव श्री सुबोध लाल श्रेष्ठले पूर्व निर्धारित सूचना अनुसार सभामा छलफलका लागि पेश भएका देहायका प्रस्तावहरु वाचन गर्नुभयो ।

**छलफलका विषयहरुः**

**(क) सामान्य प्रस्तावः**

(१) कम्पनीको पाँचौ वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

(२) साविक सानिमा जनरल इन्स्योरेन्स लि. को लेखापरीक्षण प्रतिवेदन सहित आ.व. २०७८/०७९ आषाढ मसान्तको वासलात, मिति २०७८।०४।०१ गते देखि २०७९।०३।३२ गते सम्मको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरु तथा NFRS बमोजिमको वित्तीय विवरण छलफल गरी पारित गर्ने ।

(३) साविक जनरल इन्स्योरेन्स कम्पनी नेपाल लि. को लेखापरीक्षण प्रतिवेदन सहित आ.व. २०७८/०७९ आषाढ मसान्तको वासलात, मिति २०७८।०४।०१ गते देखि २०७९।०३।३२ गते सम्मको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरु तथा NFRS बमोजिमको वित्तीय विवरण छलफल गरी पारित गर्ने ।



सानिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं

(४) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०७९/०८० को लागि वाह्य लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

(५) समुह (क) अन्तर्गत संस्थापक शेयरधनीहरुको तर्फबाट ३ (तीन) र समुह (ख) अन्तर्गत सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**ख) विशेष प्रस्ताव तर्फ :**

१) कम्पनीको संस्थापक शेयर तथा सर्वसाधारण शेयरको अनुपात बमोजिम सञ्चालक समितिमा प्रतिनिधित्व हुने गरी सञ्चालक समितिको गठन गर्नका लागि कम्पनीको नियमावलीको नियम ११(क) संशोधन गर्ने ।

२) उपरोक्त बमोजिम पारित सामान्य तथा विशेष प्रस्ताव स्वीकृतीको लागी पेश हुंदा नियमनकारी निकाय वा कार्यालयवाट कुनै पनि विषयमा संशोधन वा परिवर्तन गर्न कुनै निर्देशन वा कैफियत प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्न तथा अन्य कार्यहरु समेत गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध :**

**९. वार्षिक प्रतिवेदनको प्रस्तुति :**

सञ्चालक समितिका अध्यक्ष तथा सभाका अध्यक्ष श्री कुनाल कयालज्यूले सञ्चालक समितिको तर्फबाट आ.व.२०७८/०७९ को वार्षिक प्रतिवेदन वाचन गरी सभा समक्ष प्रस्तुत गर्नुभयो ।

**१०.** सभाका सभापतिज्यूले सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गर्नुभए पश्चात कम्पनीको आ.व.२०७८/०७९ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण र अनुसूचीहरु तथा NFRS बमोजिमको प्रतिवेदन उपर आ-आफ्नो मन्तव्य, जिज्ञासा, सुझाव, सल्लाह भए छलफलमा सहभागी हुन शेयरधनी महानुभावहरुलाई सभापतिज्यूले अनुरोध गर्नु भएकोमा निम्न शेयरधनी महानुभावहरु छलफलमा सक्रिय रुपमा सहभागी हुनु भई निम्न बमोजिम टिप्पणी, जिज्ञासा र सुझावहरु प्रस्तुत गर्नुभयो ।



सानिमा जि.आई.सी इन्स्योरेन्स लि.
केन्द्रीय कार्यालय
काठमाडौं

**१०.१. शेयरधनी श्री गुणराज भट्ट :**

कम्पनीको वीत्तिय विवरण उपर टिप्पणी गर्दै कम्पनीको व्यवसाय क्रमश: बृद्धि भएकोमा खुसी ब्यक्त गर्दै शेयरधनीहरुलाई प्रतिफल प्रदान गर्न सक्षम होस भन्ने कामनाका साथ साधारण सभाको सफलताको शुभकामना दिनुभयो ।

**१०.२ शेयरधनी श्री कृष्ण प्रसाद अधिकारी :**

वार्षिक प्रतिवेदन ठुलो परिणाममा भएको र अंग्रजी तथा नेपाली दुबै भाषामा रहेको खर्च बढि हुन गएकोले मितव्ययिता अपनाउन नेपाली भाषामा मात्र प्रकाशित गर्न अनुरोध गर्नु हुंदै वार्षिक प्रतिवेदन समयमै शेयरधनीहरु कहां पठाउने व्यवस्था गर्न अनुरोध गर्नुभयो ।

**१०.३ शेयरधनी श्री इन्द्र कृष्ण श्रेष्ठ :**

कम्पनीको वीत्तिय विवरण उपर टिप्पणी गर्दै व्यवस्थापन खर्चमा मितव्ययिता अपनाउन शेयरधनीहरुलाई प्रतिफल दिने व्यवस्था गर्न अनुरोध गर्नु भयो ।

**१०.४ शेयरधनी श्री ब्रम्हदेव शाक्य :**

यस सानिमा जिआईसी इन्स्योरेन्स लि.को वार्षिक साधारण सभा बिभिन्न कारणले ढिला हुन गएको तर्फ ध्यानाकर्षण गराउंदै तोकिएको समयमै साधारण सभा गर्न अनुरोध गर्नुभयो । दुई कम्पनी गाभिए पछि पनि तोकिएको चुक्ता पूँजी कम भएकोले भविष्यमा हक प्रद शेयर जारी गर्ने जानकारी प्राप्त भएकोमा नियामक निकायबाट स्वीकृती प्राप्त गर्ने छ भन्ने आशा गर्दछु । अध्यक्षज्यूको मन्तव्य समसामयिक परक छ । उत्कृष्ट सेवा प्रदान गरी ग्राहकहरुको मन जित्दै आफ्नो व्यवसाय थप बिस्तार गरी देशको अर्थतन्त्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्न क्रियाशिल रहने प्रतिवद्धता यस कम्पनीका प्रमुख कार्यकारी अधिकृतबाट गरिएकोमा सन्तोष मिलेको छ । कम्पनीको उन्नति र प्रगतिका लागी काम गर्नुहुने सञ्चालक समिति, व्यवस्थापन तथा कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु । आगामी दिनहरुमा कम्पनीले अझ राम्रो गर्दै जाओस तथा नव निर्वाचित सञ्चालकज्यूहरुको सफल कार्यकालका लागी शुभकामना दिन चाहन्छु ।

**१०.५ शेयरधनी श्री नरसिंह लाल चंखु :**

साबिक सानिमा जनरल इन्स्योरेन्स लि. र जनरल इन्स्योरेन्स कम्पनी नेपाल लि.मर्जर पछिको पहिलो साधारणमा आफ्नो मन्तव्य राख्ने अवसर दिनु भएकोमा धन्यवाद छ । कम्पनीको वीत्तिय विवरण हेर्दा कम्पनीले प्रगति गर्दै गएको देखिन्छ । यस्तो अवस्थामा शेयरधनीहरुले प्रतिफलको आशा गर्ने हुंदा यस तर्फ कम्पनीको ध्यानाकर्षण गराउंदछु । प्रतिष्पर्धाको यस धडीमा बीमा शुल्क,

सानिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं

जगेडा कोष, बीमा कोष लगायत लगानी वृद्धि गर्न तथा आम्दानीको श्रोत मजबुत बनाउन व्यवस्थापन पक्ष अग्रसर भएर लाग्न अनुरोध छ ।

१०.६ **संस्थापक शेयरधनी श्री झपट बोहरा :**

कम्पनीले तोकिएको अवधिमा मर्जर सफलतापूर्वक सम्पन्न गरेकोमा जिआईसी तथा सानिमा टिमलाई हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु । साथसाथै निरन्तर उत्तरोत्तर प्रगतिको लागी शुभकामना दिन चाहन्छु । यसै अवसरमा बर्तमान सञ्चालक समिति तथा अब बन्ने नयां सञ्चालक समितिलाई समेत बधाई ज्ञापन गर्न चाहन्छु

**११.** सभाका सभापति तथा कम्पनीका अध्यक्षज्यूले शेयरधनी महानुभावहरु तथा जिआईसीइन्स्योरेन्सका संस्थापक अध्यक्षज्यूबाट प्राप्त महत्वपूर्ण सुझाव तथा जिज्ञासाको जवाफ दिनुहुदै नेपाल वीत्तिय प्रतिवेदन मान (NFRS) मा भएको व्यवस्था अनुसार वीत्तिय विवरण अंग्रेजीमा समेत प्रकाशित गर्नु परेको, मुलुकका बिभिन्न स्थानहरुमा रहेका शाखाहरुबाट अझ चुस्त दुरुस्त गरी बीमा व्यवसाय वृद्धि गर्ने, आगामी वर्ष लाभाँशका लागी प्रयास गरिने, मर्जर पश्चात कम्पनीको चुक्ता पूँजी रु.२ अर्व पुगेता पनि नेपाल बीमा प्राधिकरणबाट निर्धारित चुक्ता पूँजी रु.२ अर्व ५० करोडका लागी रु.५० करोड नपुग भएकोले कम्तीमा २५ प्रतिशत हकप्रद शेयर जारी गर्नुपर्ने हुंदा कम्पनीले पहल गरिरहेको र यस सम्बन्धमा नेपाल बीमा प्राधिकरणबाट निर्देशन प्राप्त हुनासाथ थप पूँजीका लागी हकप्रद शेयर जारी गर्न आवश्यक प्रक्रिया अगाडी बढाई जानकारी गराउनु हुदैं छलफलमा सक्रिय सहभागी हुनुभएकोमा शेयरधनी महानुभावहरु लगायत जिआईसी इन्स्यारेन्सका संस्थापक अध्यक्षज्यूमा हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

साथै यस बाहेक अन्य जिज्ञासा भएमा कम्पनी व्यवस्थापनमा कुनै पनि बेला सर्म्पक राखी जानकारी हासिल गर्न सकिने उल्लेख गर्नुभयो ।

**१२.** **सभाबाट भएका निर्णयहरु :**

प्रस्तुत वार्षिक प्रतिवेदन उपर शेयरधनीहरुबाट प्राप्त सुझाव तथा जिज्ञासाहरुको प्रतिउत्तर भई सकेको हुँदा सभा सञ्चालक एवं कम्पनी सचिव श्री सुबोध लाल श्रेष्ठले सभाका सभापतिज्यूको अनुमति लिई छलफलका बिषयहरु पारित गर्नका लागि सभा समक्ष पेश गर्नु भएकोमा देहाय बमोजिम प्रस्तावहरु पारित गरियो ।



सानिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं

क) **सामान्य प्रस्तावहरु तथा सो मा भएको निर्णय :**

१. **आ.व.२०७८/०७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने बारे ।**

प्रस्ताव नं.(१) को सम्बन्धमा आ.व.२०७८/०७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सभाबाट उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरीयो ।

२. **साविक सानिमा जनरल इन्स्योरेन्स लि. को लेखापरीक्षण प्रतिवेदन सहित आ.व. २०७८/०७९ आषाढ मसान्तको वासलात, मिति २०७८।०४।०१ गते देखि २०७९।०३।३२ गते सम्मको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरु तथा NFRS बमोजिमको वित्तीय विवरण छलफल गरी पारित गर्ने बारे ।**

प्रस्ताव नं.(२) को सम्बन्धमा साविक सानिमा जनरल इन्स्योरेन्स लि. को लेखापरिक्षकको प्रतिवेदन सहित आ.व.२०७८/०७९ आषाढ मसान्तको वासलात, मिति २०७८/४/१ गते देखि २०७९/३/३२ गते सम्मको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरु तथा नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) बमोजिमको वित्तीय विवरण छलफल गरी पारित गर्नको लागि निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रतिवेदनहरु सर्वसम्मतिबाट पारित गरियो ।

३. **साविक जनरल इन्स्योरेन्स कम्पनी नेपाल लि. को लेखापरीक्षण प्रतिवेदन सहित आ.व. २०७८/०७९ आषाढ मसान्तको वासलात, मिति २०७८।०४।०१ गते देखि २०७९।०३।३२ गते सम्मको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरु तथा NFRS बमोजिमको वित्तीय विवरण छलफल गरी पारित गर्ने बारे ।**

प्रस्ताव नं. (३) को सम्बन्धमा साविक जनरल इन्स्योरेन्स कम्पनी नेपाल लि. को लेखापरिक्षकको प्रतिवेदन सहित आ.व.२०७८/०७९ आषाढ मसान्तको वासलात, मिति २०७८/४/१ गते देखि २०७९/३/३२ गते सम्मको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरु तथा नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) बमोजिमको वित्तीय विवरण छलफल गरी पारित गर्नको लागि निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रतिवेदनहरु सर्वसम्मतिबाट पारित गरियो ।



सानिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं

**४. कम्पनी ऐन, २०६३ को दफा १११ (३) बमोजिम आ.ब.२०७९/०८० को लागी बाह्य लेखापरिक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने बारे।**

प्रस्ताव नं. (४) को सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा १११ (३) बमोजिम आ.ब.२०७९/०८० को लागी बाह्य लेखापरिक्षण गर्नका लागि संचालक समितिको शिफारिसमा श्री एन. अमात्य एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्ट्सलाई साविक जनरल इन्स्योरेन्स कम्पनी नेपाल लि.को आर्थिक वर्ष २०७९/०८० को मिति २०७९ साल कार्तिक ६ गते सम्मको र यस कम्पनीको चालु आर्थिक वर्ष २०७९/०८० को वाह्य लेखापरीक्षण, कर लेखापरीक्षण, विस्तृत लेखापरीक्षण प्रतिवेदन (LFAR), नेपाल वित्तीय प्रतिवेदन मान ( NFRS) बमोजिमको वित्तीय विवरण परीक्षण तथा कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको विवरण प्रमाणिकरण गर्नका लागी वाह्य लेखापरिक्षण गर्न लेखापरिक्षक नियुक्त गर्ने र पारिश्रमिक वापत मुल्य अभिवृद्धि कर बाहेक रु.४,५०,०००/- (रु.चार लाख पचास हजार) प्रदान गर्ने प्रस्ताव सभामा प्रस्तुत भएकोमा सर्वसम्मतिबाट पारित गरियो।

**५. समुह (क) अन्तर्गत संस्थापक शेयरधनीहरुको तर्फबाट ३ (तीन) र समुह (ख) अन्तर्गत सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालकहरुको निर्वाचन गर्ने बारे।**

प्रस्ताव नं. (५) को सम्बन्धमा निर्वाचन अधिकृत अधिवक्ता श्री जयन्त कुमार रेग्मीज्यूले निर्वाचन परिणाम सम्बन्धमा निम्नानुसार धोषणा गर्नुभयो।

यस सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेडको संचालक समितिमा संस्थापक समुह (क) का शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ३ (तीन) जना र सर्वसाधारण समुह (ख) का शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ३ (तीन) जना गरी जम्मा ६ (छ) जना सञ्चालकहरुको निर्वाचनका लागि तय गरिएको निर्बाचन कार्यक्रम तालिका बमोजिम तोकिएको समायावधि भित्र दुबै समुहबाट ३/३ जना शेयरधनीहरुको मात्र उम्मेदवारी पर्न आएको र उहाँहरुको उम्मेदवारीको विरोधमा कुनै उजुर दावि समेत नपरेको एवं आवश्यक संख्यामा मात्र उम्मेदवारी परेको हुँदा, दुबै समुहका सबै उम्मेदवारहरु निर्विरोध निर्वाचित हुनु भएको व्यहोरा सभा समक्ष घोषणा गर्दछु।

सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेडको यस पाँचौं वार्षिक साधारण सभाबाट कम्पनीको नियमावली बमोजिम आगामी ४ वर्षको कार्यकालका लागि संस्थापक शेयरधनीहरुको समुह (क)



सानिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं

बाट कम्पनीको सञ्चालक पदमा निर्वाचित हुनु हुने शेयरधनी उम्मेदवारहरुको नामावली निम्नानुसार रहेको छ :

१. श्री कुनाल कयाल

२. श्री दिलीप श्रेष्ठ

३. श्री मिता मुरारका अग्रवाल

यसै गरी सर्वसाधारण शेयरधनीहरुको समुह (ख) बाट कम्पनीको सञ्चालक पदमा निर्वाचित हुनु हुने शेयरधनी उम्मेदवारहरुको नामावली निम्नानुसार रहेको छ :

१. श्री प्रकाश मान श्रेष्ठ

२. श्री सरस्वती गौतम ज्ञवाली

३. एन.आर.एन. अफ्रीका भेन्चर्स लि.का आधिकारीक प्रतिनिधि डा.हेमन्त कुमार दवाडी

यस कम्पनीको सञ्चालक पदमा निर्वाचित हुनु हुने सबै उम्मेदवारलाई धेरै धेरै वधाई तथा सफल कार्यकालको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**ख) विशेष प्रस्ताव तर्फ :**

**१) कम्पनीको संस्थापक शेयर तथा सर्वसाधारण शेयरको अनुपात बमोजिम सञ्चालक समितिमा प्रतिनिधित्व हुने गरी सञ्चालक समितिको गठन गर्नका लागि कम्पनीको नियमावलीको नियम ११ (क) संशोधन गर्ने बारे ।**

प्रस्ताव नं. (ख) १ को सम्बन्धमा कम्पनीको संस्थापक शेयर तथा सर्वसाधारण शेयरको अनुपात बमोजिम सञ्चालक समितिमा प्रतिनिधित्व हुने गरी सञ्चालक समितिको गठन गर्नका लागि कम्पनीको नियमावलीको नियम ११(क) संशोधन सर्वसम्मतिबाट पारित गरियो ।

**२) उपरोक्त बमोजिम पारित सामान्य तथा विशेष प्रस्ताव स्वीकृतीको लागी पेश हुंदा नियमनकारी निकाय वा कार्यालयवाट कुनै पनि विषयमा संशोधन वा परिवर्तन गर्न कुनै निर्देशन वा कैफियत प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्न तथा अन्य कार्यहरु समेत गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने बारे ।**

प्रस्ताव नं. (ख) १ को सम्बन्धमा पारित सामान्य तथा विशेष प्रस्ताव स्वीकृतीको लागी पेश हुंदा नियमनकारी निकाय वा कार्यालयवाट कुनै पनि विषयमा संशोधन वा परिवर्तन गर्न कुनै निर्देशन



सानिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं

वा कैफियत प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्न तथा अन्य कार्यहरु समेत गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सर्वसम्मतिबाट पारित गरियो ।

**ख) विविध प्रस्ताव तथा सोमा भएको निर्णय :**

विविध बिषयमा कुनै प्रस्तावहरु नआएको हुनाले कुनै निर्णय गरिएन ।

**१३. धन्यबाद ज्ञापन :**

कम्पनीको पाँचौ वार्षिक साधारण सभामा प्रस्तुत भएका मन्तब्य, जिज्ञासा, टिप्पणी तथा सुझावहरु कम्पनीको हितको लागि अतिनै महत्वपूर्ण रहेको उल्लेख गर्दै कम्पनीको काम कारवाहीमा अभिरुची राखी सञ्चालक समिति तथा ब्यवस्थापनलाई मार्ग निर्देशन एवं प्रेरणा प्रदान गर्नुहुने सम्पूर्ण शेयरधनी महानुभावहरुमा हार्दिक आभार ब्यक्त गर्दै सफलतापूर्वक सभा संचालनमा सहयोग पुऱ्याउनुहुने कम्पनी ब्यवस्थापन एवं सम्पूर्ण कर्मचारीहरु प्रति सभाका सभापतिबाट हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

**१४. सभा बिसर्जन :**

अन्त्यमा, सभाका सभापति, अध्यक्ष श्री कुनाल कयालज्यूले छलफल गर्नुपर्ने कुनै बिषय बाँकी नरहेको हुनाले कम्पनीको पाँचौ वार्षिक साधारण सभा बिहान १२:३० बजे बिसर्जन गर्नुभयो ।

| | | |
|---|---|---|
| श्री सुबोध लाल श्रेष्ठ<br>(नायव महा प्रवन्धक/कम्पनी सचिव) | सानिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं | श्री कुनाल कयाल<br>(अध्यक्ष) |

मिति : २०८० साल जेष्ठ ३२ गते बिहिवार ।

# सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेडको पाँचौ वार्षिक साधारण सभाबाट नियमावलीमा संशोधन

| नियम | साविकको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| ११ | क. यस कम्पनीमा ७ (सात) जनाको संचालक समिति हुनेछ । जसमा संस्थापक शेयरधनीहरुको समुह (क) को तर्फबाट मनोनित प्रक्रिया वा आपसी वा निर्वाचनको प्रक्रियाद्धारा ४ (चार) जना संचालक र सर्वसाधारण शेयरधनीहरुको समुह (ख) बाट २ (दुई) जना मोनोनित वा निर्वाचित तथा (१) जना विज्ञ स्वतन्त्र संचालक नियुक्त गरिनेछ । | क. यस कम्पनीमा ७ (सात) जनाको संचालक समिति हुनेछ । ७ (सात) जना सदस्यहरु मध्ये ६ (छ) जनाको नियुक्ती कम्पनीको साधारण सभाबाट हुनेछ । जसमा संस्थापक शेयरधनीहरुको समुह (क) को तर्फबाट मनोनित प्रक्रिया वा आपसी समझदारी वा निर्वाचनको प्रक्रियाद्धारा ३ (तीन) जना सञ्चालक र सर्वसाधारण शेयरधनीहरुको समुह (ख) बाट ३ (तीन) जना मोनोनित वा निर्वाचित तथा (१) जना विज्ञ स्वतन्त्र संचालक नियुक्त गरिनेछ ।<br><br>उपरोक्त बमोजिमको संचालक समितिमा कम्तिमा एक जना महिला संचालक हुनेछ । साथै स्वतन्त्र/विज्ञ संचालकको नियुक्ती संचालक समितिवाट हुनेछ । | साविकको शेयर संरचना परिवर्तन गरिएकोले । |

सानिमा जिआईसी इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं